अनुसुची १६

(दफा ३३ को उपदफा (२) संग सम्बन्धित)

# श्री सहमती सामुदायिक वन उपभोक्ता समूह

बारबर्दिया न.पा. ०१, जमुनिया, बर्दिया

प.स.

च.नं.

मिति. २०८२/११/२६

विषयः काठ र दाउरा प्रति ईकाई दररेटको आधारमा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना ।

लट नं. १ र २ (२०८२/०८३)

<u>पहिलो पटक सुचना प्रकाशन मिति २०८२।११।२६</u>

श्री सहमती सामुदायिक वन उपभोक्ता समूहको सामुदायिक वनबाट आ.व.२०८२/०८३ मा कटान हुने रुखहरुबाट उत्पादन हुने तपसिलमा उल्लेखित जात र परिमाणको काठ दाउरा प्रति ईकाई दररेटमा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, सघंसस्था, फर्म बा कम्पनीले यो सुचना **नागरिक राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८२/११/२६ गते प्रकाशन भएको मितिले २१ दिन भित्र यस समूहको कार्यालय र डिबिजन वन कार्यालय बर्दियाबाट बोलपत्र खरिद गरी २२ औं दिन दिनको १२:०० बजे भित्रको समयमा यस सहमती सामुदायिक वन उपभोक्ता समुहको कार्यालय बारबर्दिया न.पा. वडा नं. ०१ बर्दिया** र डिभिजन वन कार्यालय बर्दियामा सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

<u>तपसिल</u>

१.वंन पैदावारको बिवरण:-

| लट नं. | वन पैदावारको जात | रुख संख्या | ग्रेड | अनुमानित परिमाण | | प्रति इकाई न्यूनतम मुल्य रु. | | मूल्यांकन रु. | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | काठ घ.फि. | दाउरा चट्टा | काठ घ.फि. | दाउरा चट्टा | काठ मूल्य रु. | दाउरा मूल्य रु. | |
| १ | अन्य | ७ | N | ४.१७ | ०.३१ | १०० | ४००० | ४१७ | १२४० | काठ दाउरा संकलन खर्च साकार कर्ताले व्यहोर्नु पर्नेछ |
| | कुसुम | ४ | N | ४२१४ | ०.४५ | १०० | ४००० | ४२१४ | १८०० | |
| | भलायो | १ | N | ०.०० | ०.०४ | १०० | ४००० | ०.०० | १६० | |
| | मसला | १५०. | N | ३६६४.०५ | ७.९९ | १२५ | ४००० | ४५८००६.२५ | ३१९६० | |
| जम्मा | | १६२ | | ३७१०.३६ | ८.७९ | | | ४६२६३७.२५ | ३५१६० | |
| २ | कुम्बी | १ | N | ०.०० | ०.०४ | १०० | ४००० | ०.०० | १६० | |
| | दबदबे | ७ | N | ११८.८७ | ०.५८ | १०० | ४००० | ११८८७ | २३२० | |
| | बर्रो | ४ | N | ३५४.६८ | ०.९१ | २०० | ४००० | ७०९३६ | ३६४० | |
| | बोटधाइरो | २ | N | ५.८२ | ०.०८ | १०० | ४००० | ५८२ | ३२० | |
| | महुवा | ४ | N | १४.८४ | ०.२१ | १०० | ४००० | १४८४ | ८४० | |
| | सिन्दुरे | ५ | N | ०.०० | ०.१५ | १०० | ४००० | ०.०० | .६०० | |
| जम्मा | | २३ | | ४९४.२१ | १.९७ | | | ८४८८९ | ७८८० | |

२.बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति:२०८२।१२।१७ (ख) समय दिउँसो १२:०० बजेसम्म ।

३.बोलपत्रसाथ कबुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समुहको राष्ट्रिय बाणिज्य बैक, गुलरिया शाखा कार्यालय, बर्दियामा रहेको हिसाब नं. ४१४०१००००८३४१००१ खातामा नगद जम्मा गरेको सक्कल भौचर/-----------------बैंकमा कम्तिमा ६ महिना अवधिको वैंक जमानत समावेश हुनुपर्नेछ ।

४.बोलपत्र फारमको रु १०००/- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूह र डिभिजन वन कार्यालय बर्दियाबाट खरिद गरि खरिद गरेको निकायमा दाखिला गर्नु पर्नेछ ।

अनुसुची १६

(दफा ३३ को उपदफा (२) संग सम्बन्धित)

# श्री सहमती सामुदायिक वन उपभोक्ता समूह

**बारबर्दिया न.पा. ०१. जमुनिया, बर्दिया**

५.लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय दिनको ५:०० बजे भित्र सहमती सामुदायिक वन उपभोक्ता समुहको सामुदायिक वन क्षेत्रमा गई हेर्न सकिनेछ।

६.लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मको प्रोपराईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, फर्म वा कम्पनि दर्ता प्रमाण पत्रको प्रतिलीपि ,कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र मुल्य अभिबृद्दी कर दर्ता प्रमाण पत्रको प्रतिलीपि वा स्थाई लेखा नम्वर (PAN) दर्ता प्रमाण पत्रको प्रतिलीपि र संघीय वन नियमावली २०७९ को नियम १२८ बमोजिम सम्बन्धित डिभिजन वन कार्यालयमा सुची दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

७.निर्धारित न्युनतम संख्याका र रीतपुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२।१२।१७ गते दिनको २:०० बजे साक्षीहरुको रोहवरमा खोलिने छ ।

८.उत्पादित गोलिया काठ र दाउरा नाप पईमास भई घाटगद्दी भएको जानकारी पश्चात् १० (दश) दिन भित्र साकार गरेको प्रति ईकाई दररेटले हुन आउने रकम तथा निर्धारित मुल्य अभिबृद्धी कर, अग्रिम आय कर, संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाईलैजानु पर्नेछ ।

९.बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नुपर्नेछ ।अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईनेछ ।

१०.प्रस्तुत बोलपत्रको सम्वन्धमा कुनै बिवाद उत्पन्न भएमा त्यसको अन्तिम निर्णय दिने अधिकार सम्बन्धित निकायको हुनेछ ।

११. रितपुर्वक नभएको वा शर्त राखिएको र म्याद नाघि प्राप्त भएको बोलपत्र मान्य हुने छैन ।

१२. प्रस्तुत बोलपत्र सदर वा बदर गर्ने सम्पुर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१३. अन्य कुराहरु प्रचलीत कानुन अनुसार हुनेछ ।

अध्यक्ष

# नागरिक आर्थिक

मंगलबार, २६ फागुन २०८२, Tuesday, 10 March 2026


**बजार**

सुन तोला - ३१३,२००
चाँदी तोला - ५४१०

| विदेशी मुद्रा | खरिद | बिक्री |
|---|---|---|
| अमेरिकी डलर | १४७.४३ | १४८.०३ |
| युरो | १७०.४१ | १७१.११ |
| पाउन्ड स्टर्लिङ | १९६.७५ | १९७.९५ |





चितवनको भरतपुर महानगरपालिका-१५ फूलबारी श्रीपुरमा खेतबाट उखेलेर ल्याइएको गाजर पखाल्दै किसान तथा कामदार।
*तस्बिरः सनद अधिकारी/रासस*

## प्रतिनिधिसभा निर्वाचन २०८२

# उद्योगी–व्यवसायी उम्मेदवार धेरै पराजित

**नागरिक संवाददाता**
*काठमाडौं, फागुन २५*

प्रतिनिधिसभा निर्वाचन २०८२ मा प्रतिनिधिसभा सदस्यका लागि विभिन्न राजनीतिक दलका तर्फबाट उम्मेदवार बनेका उद्योगी-व्यवसायीमध्ये अधिकांश पराजित भएका छन्।

नवलपरासी-१ मा उद्योगपति विनोद चौधरी भारी मतान्तरले पराजित भएका छन्। केही सीमित व्यवसायी मात्र निर्वाचित हुँदा निजी क्षेत्रबाट राजनीतिमा प्रवेश गर्ने प्रयासले अपेक्षित सफलता नपाएको देखिएको छ।

निर्वाचन आयोगबाट उपलब्ध मतपरिणामअनुसार उद्योगपति विनोद चौधरी नवलपरासी पश्चिम-१ बाट पराजित भएका हुन्। नेपाली कांग्रेसका उम्मेदवार रहेका चौधरीलाई राष्ट्रिय स्वतन्त्र पार्टीका विक्रम खनालले पराजित गरेका हुन्। खनालले ४५ हजार २४१ मत प्राप्त गर्दा चौधरीले नौ हजार ५०२ मत मात्र प्राप्त गरेका थिए। यस निर्वाचनमा उद्योगी पृष्ठभूमिका उम्मेदवारमध्ये चौधरीको पराजय सबैभन्दा चर्चित घटनामध्ये एक मानिएको छ। त्यस्तै पर्यटन व्यवसायी तथा ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) का पूर्वअध्यक्ष रमेशप्रसाद धमला पनि धादिङ-२ बाट पराजित भएका छन्। नेपाली कांग्रेसबाट उम्मेदवार बनेका धमलालाई राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवारले पराजित गरेको निर्वाचन परिणामले देखाएको छ।

यद्यपि सबै उद्योगी-व्यवसायी उम्मेदवार पराजित भएका भने होइनन्। केही व्यवसायी नयाँ राजनीतिक शक्तिका रूपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी तथा अन्य दलबाट निर्वाचित भएका छन्।

स्याङ्जा-१ बाट राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार धनञ्जय रेग्मी निर्वाचित भएका छन्। रेग्मी पर्यटन क्षेत्रका व्यवसायी हुन् र उनी नेपाल पर्यटन बोर्डका पूर्व प्रमुख कार्यकारी अधिकृत पनि हुन्। त्यस्तै बारा-३ बाट राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार अरविन्द साह निर्वाचित भएका छन्। साह डिजिटल भुक्तानी सेवा 'खल्ती'का सह-संस्थापकका रूपमा परिचित व्यवसायी हुन्।

भक्तपुर-१ बाट राष्ट्रिय स्वतन्त्र पार्टीका रुकेश रन्जित, काभ्रे-२ बाट बदन भण्डारी र कैलाली-५ बाट आनन्दकुमार चन्द पनि निर्वाचित भएका व्यवसायी पृष्ठभूमिका उम्मेदवार हुन्। त्यसैगरी काठमाडौं-९ बाट डिपी अर्याल निर्वाचित भएका छन्, जो पर्यटन तथा म्यानपावर व्यवसायसँग सम्बद्ध रहेका छन्।

नेपाली कांग्रेसबाट कैलाली-२ का विजय स्वाँर र रसुवाका मोहन आचार्य पनि निर्वाचित भएका छन्। यिनीहरु दुवैजना व्यवसायी पृष्ठभूमिका उम्मेदवार हुन्।

यस निर्वाचनले निजी क्षेत्रका केही प्रतिनिधिलाई संसद्मा प्रवेश गराए पनि उद्योगी-व्यवसायी उम्मेदवारहरूको समग्र परिणाम भने अपेक्षाकृत कमजोर देखिएको छ। मतदाताले पारम्परिक राजनीतिक संरचनाप्रति असन्तोष व्यक्त गर्दै नयाँ राजनीतिक शक्तिलाई प्राथमिकता दिएको निर्वाचन परिणामले देखाएको छ।

यस पटकको निर्वाचन परिणामले व्यवसायी समुदायको प्रत्यक्ष राजनीतिक सहभागिता अझै चुनौतीपूर्ण रहेको संकेत गरेको गरेको छ।



आनन्दकुमार चन्द



अरविन्द शाह



विजय स्वार



विक्रम खनाल



डिपी अर्याल



धनन्जय रेग्मी



बदन भण्डारी



रमेश धमला



विनोद चौधरी



मोहन आचार्य



रुकेस रन्जित

## सांग्रिला डेभलपमेन्ट बैंक लि.
**Shangri-la Development Bank Ltd.**
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौ
फोनः ०१-४५२१८६१/६२/६३

### कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आहवान गरिएको सम्बन्धी २१ दिने सूचना

**सूचना प्रकाशित मिति : २०८२/११/२६ गतेको नागरिक राष्ट्रिय दैनिक**

**बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२/१२/१६ गते कार्यालय समय भित्र**

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीहरुले यस डेभलपमेन्ट बैंकको निम्न शाखा कार्यालयबाट विविध कर्जा शीर्षक अर्न्तगत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना र अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, व्याज, हर्जाना लगायतका अन्य दै-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि २१ (**एक्काइस**) **दिने** सूचना प्रकाशित गरि आह्वान गरिएको छ। तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएकोले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे सम्बन्धित शाखा कार्यालयमा खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ। तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणीको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनानै समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिल**

| ऋणीको विवरण | जमानतकर्ताको विवरण |
|---|---|
| **१) ऋणीः हरि वहादुर आले**<br>बाबुको नाम : अम्वर वहादुर आले<br>बजेको नाम : माथवरसिंह आले<br>ठेगाना : आपपिपल-०८, गोरखा<br>हाल : पालुङटार-०५, गोरखा<br>ना.प्र.नं. : ६९०<br>जारी गर्ने कार्यालय : जि.प्र.का., गोरखा<br>जारी मिति : २०५१/०९/०४<br>**कर्जा लिएको शाखा : पालुङटार, गोरखा**<br><br>**सुरक्षणमा रहेको धितोको विवरण**: श्री मालपोत कार्यालय गोरखामा हरि बहादुर आलेको नाममा दर्ता कयम रहेको गोरखा जिल्ल, पालुङ्टार -०८, स्थित कि.नं.: २६५९ को क्षेत्रफल ६६७.६९ व.मी. रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत । | **क) नामः सावित्री थापा मगर (आले)**<br>बाबुको नाम : बल बहादुर थापा मगर<br>पतिको नाम : हरि बहादुर आले<br>ससुराको नाम : अम्वर वहादुर आले<br>ठेगाना : पालुङ्टार-०५, गोरखा<br>ना.प्र.नं.: ७६३४३, जारी मिति :२०५७/०१/३०<br>जारी गर्ने कार्यालय :जि.प्र.का., गोरखा<br><br>**ख) नाम : दिपेन्द्र क्षेत्री**<br>बाबुको नाम : कृष्ण वहादुर क्षेत्री<br>बाजेको नाम : खडक बहादुर क्षेत्री<br>ठेगाना : पालुम्टार-०९, गोरखा<br>हाल : पालुङटार-०५, गोरखा<br>ना.प्र.नं.: ४४३०२४/५८३, जारी मिति : २०६३/१०/२०<br>जारी गर्ने कार्यालय :जि.प्र.का., गोरखा |

| ऋणीको विवरण | जमानतकर्ताको विवरण |
|---|---|
| **२) ऋणीः कृष्णा जयसवाल**<br>बाबुको नाम : रामहरि खत्री क्षेत्री<br>पतिको नामः पन्नालाल जयसवाल<br>ससुराको नाम : रघुनाथ साह कलवार<br>ठेगाना : विसुनपुर्वा-०९, बारा<br>हाल : बारागढी-०२, बारा<br>ना.प्र.नं. : २१६१/२१८८<br>जारी मिति : २०६१/११/२७<br>जारी गर्ने कार्यालय : जि.प्र.का., बारा<br>**कर्जा लिएको शाखा : कोल्हवी, बारा**<br><br>**जमानतकर्ताको विवरण**<br>**क) नाम : पन्नालाल जयसवाल**<br>बाबुको नाम : रघुनाथ साह कलवार<br>बाजेको नाम : शिवधारी शाह<br>ठेगाना : विसुनपुर्वा-०९, बारा<br>हालः बारागढी-०२, बारा<br>ना.प्र.नं. : १९५९/०३३७<br>जारी गर्ने कार्यालय : जि.प्र.का., बारा | **ख) नाम : रोशन जयसवाल**<br>बाबुको नाम : पन्नालाल जयसवाल<br>बाजेको नाम : रघुनाथ साह कलवार<br>ठेगाना : विसुनपुर्वा-०९, बारा, हालः बारागढी-०२, बारा<br>ना.प्र.नं. : ३३१०१६/३११६५, जारी मिति : २०६९/०९/०२<br>जारी गर्ने कार्यालय : जि.प्र.का., बारा<br><br>**ग) नाम : सन्नी जयसवाल**<br>बाबुको नाम : पन्नालाल जयसवाल<br>बाजेको नाम : रघुनाथ साह कलवार<br>ठेगाना : विसुनपुर्वा -०९, बारा, हालः बारागढी-०२, बारा<br>ना.प्र.नं. : ३३१०४७/४८९४८, जारी मिति : २०७१/०१/०२<br>जारी गर्ने कार्यालय : जि.प्र.का.बारा<br><br>**घ) नाम : काजल कुमारी**<br>बाबुको नाम : नरेश प्रसाद कलवार<br>पतिको नामः रोशन जयसवाल<br>ससुराको नाम : पन्नालाल जयसवाल<br>ठेगाना : बारागढी-०२, बारा<br>ना.प्र.नं. : ३३-०१-७५-०८१२६, जारी मिति : २०७५/०९/०९<br>जारी गर्ने कार्यालय : जि.प्र.का., बार |

**सुरक्षणमा रहेको धितोको विवरण**: श्री मालपोत कार्यालय कलैया, बारामा कृष्णा जयसवालको नाममा दर्ता कायम रहेको बारा जिल्ला, विसुनपुर्वा गा.वि.स. वडा न. ९ स्थित कि.नं. २०२ र २०३ को क्षेत्रफल क्रमशः २७९३.६९ र १३५४.५२ व.मि. रहेको घर/जग्ग तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**शर्तहरु :**

१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९३०७४०१०५०१०१ " को SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको अधारमा भर्नु पर्नेछ।
३. बोलपत्रदाताले आफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९२०६५०१०७०५०१ को "SADBL– Auction Deposit (Lilami)" मा Manager's Cheque, Good For Payment Cheque वा नगदै जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको सम्बन्धित शाखा कार्यालय वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ।
४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथै सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ।
५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ।
६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन। उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन।
७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन।
९. बोलपत्र सदर वा सुरक्षरणमा रहेको धितो नामसारी हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुनै ब्याज समेत प्रदान गरिने छैन।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्ने आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ।
११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम् बोलकबोल दाताले व्यहोर्नु पर्नेछ।

## वर्गीकृत विज्ञापन/डिस्प्ले

### घरजग्गा

कीर्तिपुर-६, थापागाउँ मेनरोडबाट १ कित्ता भित्र ०-४-१-० जग्गा सुपथ मूल्यमा बिक्रीमाः ९७६७२४२३५४

ज्ञानेश्वर मेनरोडमा २ आना १ दाम जग्गा सुपथ मुल्यमाः ९७६७२४२३५४

Ktm हाँडीगाउँ नेपालबैंक नजिकै विशालनगरमा ०-६-०-० जग्गा बिक्रीमाः 9841420589

### काठ/दाउरा बोलपत्रद्वारा लिलाम विक्रीको सूचना

प्रथम पटक प्रकाशन मिति २०८२/११/२६
यस नेपाल राष्ट्रिय माध्यामिक विद्यालय राजापुर न.पा. ९, गोडियाना, बर्दियाको नाममा दर्ता श्रेष्टा कायम रहेको कि.नं. १८३ र १५८ को ज.वि. १-१६-० र ०-४-० क्षेत्रबाट आ.व. २०८२/०८३ मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको वन पैदावार सिसौ (वृक्षारोपण) गोलिया थान १० को ३०.५६ घ.फि., टिक गोलिया थान ६ को ७.४७ घ.फि., मसला गोलिया थान १६८ को ३०८.२९ घ.फि., कदम गोलिया थान ५ को १७.८९ घ.फि., बबुर गोलिया थान १ को २.०१अन्य दाउरा १ चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठ/दाउरामा आधारित उद्योग संचालन गर्न अनुमतिप्राप्त गरी संचालनमा रहेको उद्योगहरुले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२:०० बजे भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धि बिस्तृत जानकारीको लागी यस समुहमा सम्पर्क राख्नुहुन जानकारी गराईन्छ। पूर्ण व्यहोराको सूचना यस समुहको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री राष्ट्रिय माध्यामिक विद्यालय**
राजापुर न.पा. ९,गोडियाना, बर्दिया।
मो.नं. ९८५८०२३५८३

### काठ/दाउरा प्रति ईकाई दररेटको आधारमा बोलपत्रद्वारा लिलाम विक्रीको सूचना

पहिलो पटक प्रकाशन मिति २०८२/११/२६
यस सहमती सामुदायिक वन उपभोक्ता समुह बारबर्दिया न. पा. ०१, जमुनिया, बर्दियाको सामुदायिक वन क्षेत्रबाट आ.व. २०८२/०८३ मा विभिन्न प्रजातिको काठ ३७१०.३६ घ.फि. तथा दाउरा ८.७९ चट्टा अनुमानित लगत बमोजिम प्रति ईकाई दररेटमा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठ/दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरि संचालनमा रहेको उद्योगहरुले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२:००बजे भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समुहमा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ। पूर्ण व्यहोराको सूचना यस समुहको सूचना पाटीमा टाँस गरिएको छ।

**श्रीसहमती सामुदायिक वन उपभोक्ता समुह,**
बारबर्दिया न.पा. ०१, जमुनिया, बर्दिया।
मो.नं. ९८४८०९०५६०


### वर्गीकृत डिस्प्ले

**कलर प्रति बक्स**
१x५ = रु.१८००/-* मात्र
१x१० = रु.४०००/-* मात्र

**श्याम/श्वेत प्रति बक्स**
१x५ = रु.१२५०/-* मात्र
१x१० = रु.२८००/-* मात्र

*मू.अ.क. बाहेक

मार्केटिङ विभाग: ४२६५१०० एक्सटेन्सन ३१२
email: classified@nagariknews.com


## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस कम्पनीले चीनबाट पेठारी गरेका देहायको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**तपसिल**

| सि. नं. | मालवस्तुको विवरण | आकार/ प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक राष्ट्र | इकाई | प्रति इकाई | अधिकतम खुद्रा बिक्री मूल्य (MRP) | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electric 2 Wheeler | - | GOGORO | JEGO 1B | 2.5 KW | CHINA | 1 | 290,000.00 | 290,000.00 | |
| 2 | Electric 2 Wheeler | - | GOGORO | JEGO 2B | 2.5 KW | CHINA | 1 | 325,000.00 | 325,000.00 | |
| 3 | Electric 2 Wheeler | - | GOGORO | JEGO 12 1B | 2.5 KW | CHINA | 1 | 300,000.00 | 300,000.00 | |
| 4 | Electric 2 Wheeler | - | GOGORO | JEGO 12 2B | 2.5 KW | CHINA | 1 | 335,000.00 | 335,000.00 | |

विक्रेता फर्मको नामः **नेबुला इनर्जी प्रा. लि.** एक्जिम कोडः ६०९६८८६९६०१०२NP
ठेगानाः कमलादी - २८, काठमाडौं। फोनः ९८०१०६२९३९ "वारेन्टीः २ वर्ष"

## एन आई सी एशिया बैंक लिमिटेड

NIC ASIA
एन आई सी एशिया बैंक लि.

रजिष्टर्ड कार्यालयः ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्सः +९७७-१-५११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागिः FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सनः २०८/२२५/२२६)

### गैर बैकिङ्ग सम्पति विक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आहवान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आहवान गरिन्छ।

**तपसिल**

| क्र.सं. | गैर बैकिङ्ग सम्पतिको विवरण |
|---|---|
| १. | पर्वत जिल्ला, शिवालय गा.वि.स. वडा नं. ५ (हाल कुस्मा न.पा. वडा नं. ५) स्थित कित्ता नं. १०४८ को क्षेत्रफल ०-४-०-० (रोपनी) को जग्गा। |
| २. | धनुषा जिल्ला, बेंगा डावर गा.वि.स. वडा नं. ८क (हाल मिथिला न.पा. वडा नं. १०) स्थित कित्ता नं. ४३२ र ४३४ को क्षेत्रफल क्रमशः ०-१-१७-० र ०-२-०-० (विगाह) को जग्गा। |

**लिलाम विक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ।
२. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला।
३. बिक्री गरिने सम्पतिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै यकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ।
४. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट (आइतबार देखी बिहिबार सम्म) दिनको ३:०० बजे (शुक्रबार) दिनको १:०० बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ।
५. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन्।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map

## काठमाडौंको कपनमा पनि 'करेन्ट मार्ट' को आउटलेट




काठमाडौं, फागुन २५ (नागरिक)- नेपाली बजारमा 'हट एन्ड स्पाइसी' नुडल्स सेगमेन्टमा बलियो पकड जमाउन सफल 'करेन्ट नुडल्स' को उत्पादक संस्था यशोदा फुड्सले काठमाडौंको कपनमा रिटेल आउटलेट सञ्चालनमा ल्याएको छ। कम्पनीले सोमबारबाट कपनस्थित (रिलायन्स कलेज नजिक) नयाँ शाखाको औपचारिक सुरुवात गरेको हो।

यसअघि काठमाडौंको बानेश्वर स्थित कात्यानी चोकमा सञ्चालनमा आएको पहिलो आउटलेटको सफलता र ग्राहकहरूको बढ्दो मागलाई ध्यान दिँदै कम्पनीले कपनमा दोस्रो शाखा विस्तार गरेको हो।

सोमबार यस नयाँ शाखाको उद्घाटनका अवसरमा ग्राहकलाई 'करेन्ट मार्ट' मा उपलब्ध उत्पादनको खरिदमा १० प्रतिशत विशेष छुटको व्यवस्था गरिएको कम्पनीले जनाएको छ।